मिति २०७८।०२।१८ गते बसेको ७१ औं कार्यपालिका बैठकको निर्णय

निर्णय नं. १ :- यस नगरपालिकाको नवौं नगरसभा बैठक संचालनका लागि तपसिल बमोजिम कार्यतालिका स्वीकृत गर्ने ।

कार्यतालिका :

| क्र.सं. | क्रियाकलाप | मिति | समय | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १. | राजश्व परामर्श समितिको बैठक | २०७८।०२।१९ र २० गते | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| २. | विभिन्न विषयगत समितिहरुको प्रारम्भिक संयुक्त बैठक | २०७८।०२।२२ गते सम्म | सम्वन्धित समितिको तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ३. | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक | २०७८।०२।२४ गते सम्म | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ४. | वस्ती तहका योजना छनौट | २०७८।०२।२५ देखि २८ गते सम्म | सम्वन्धित वडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ५. | वडातहका योजना छनौट तथा प्राथमिकिकरण | २०७८।०३।१ गते | सम्वन्धित वडाको समय तालिका अनुसार | सम्वन्धित वडा समिति | |
| ६. | विषयगत समितिहरुको बैठक | २०७८।०३।२ र ३ गते | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ७. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०७८।०३।४ र ५ गते | समितिको समय तालिका अनुसार | सम्वन्धित संयोजक र सदस्य सचिव | |
| ८. | कार्यपालिका बैठकबाट नीति तथा कार्यक्रम स्वीकृत | २०७८।०३।०५ गते | दिनको १:०० बजे | नगर प्रमुख, नगर उपप्रमुख | |
| ९. | नीति तथा कार्यक्रम पेश | २०७८।०३।०६ गते | विहान ८:०० बजे | नगर प्रमुख, नगर उपप्रमुख | |
| १०. | नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति | २०७८।०३।०६गते | दिउँसो ३:०० बजे | नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत | |
| ११. | बजेट तथा कार्यक्रम पेश | २०७८।०३।१० गते | दिनको १:०० बजे | नगर प्रमुख, नगर उपप्रमुख | |
| १२. | नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति | २०७८ असार मसान्त भित्र | | नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं. २ :-मिति २०७७।११।१३ गते बसेको ६६ औं कार्यपालिका बैठकको निर्णय नं. ४ मा यस टीकापुर नगरपालिकामा भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवास सम्वन्धि प्रति फाराम रु.४०।- (चालिस) का दरले सेवा सुविधा/पारिश्रमिक रकम उपलब्ध गराउने निर्णय भएकोमा उक्त फाराम भर्ने समय धेरै लाग्ने र दिनको न्युनतम पारिश्रमिक समेत नहुने भएकोले प्रति फाराम रु.१०।- थप गरी उपलब्ध गराउने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३ :- समुदाय प्रहरी साझेदारी कार्यक्रम संचालन अन्तर्गत जनचेतनामूलक होडिंग बोर्डहरु १० थान तयार गरी विभिन्न चोक चौराहा तथा सार्वजनिक स्थलमा लगाईएकोमा उक्त होडिंगबोर्डको रु.९६,०५०।- (अक्षेरुपी छियान्नब्बे हजार पचास मात्र) रकम भैपरी चालु शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं.४:- मिति २०७७।०९।०४ गतेको ६१ औं कार्यपालिका बैठकको निर्णय नं.१९ बमोजीम स्थानीय तहको साझेदारीमा शहरी वन बिकास कार्यक्रमको लागि वडा नं.१ देखि ९ मा निर्माण भैरहेका कालोपत्रे सडकको दुवै तर्फको किनारामा वृक्षारोपण सहित ट्री-गार्ड जडान कार्यको लागि वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाडौंमा योजना छनौट गरी पठाईएकोमा मिति २०७७/१२/२५ को च.नं.१८१६ को उक्त विभागको प्राप्त पत्र अनुसार आयोजना स्वीकृत भएको जानकारी प्राप्त भएकोले सो आयोजनाको लागि यस नगरपालिकाबाट व्यहोर्नु पर्ने तपसिल बमोजीमको ३० प्रतिशत लागत साझेदारी रकम आठौ नगर सभाबाट चालु आ.व.२०७७/७८ को योजना/कार्यक्रममा लागत साझेदारी वापत समपुरक कोष शिर्षक अन्तर्गत अनुसूची-२ को सि.नं.१३ को लागत साझेदारी कार्यक्रम शिर्षकमा विनियोजीत रु.१,५०,००,०००।०० बजेट चालु आ.व.मा सम्पूर्ण रकम Tikapur Storm Drainage and FSM Project खर्च हुन सक्ने अवस्था नदेखिएको कारण उक्त समपुरक शिर्षकमा विनियोजन भएको बजेट तपसिल बमोजिमको आयोजनामा बजेट विनियोजन गर्ने ।

तपसिल:

| सि.नं. | स्थानीय तहको नाम | आयोजनाको लागत अनुमान रु. ( मु.अ.कर सहित) | वन तथा भू-संरक्षण विभागले व्यहोर्ने रकम रु. (७० प्रतिशत) | टीकापुर नगरपालिकाले व्यहोर्नु पर्ने रकम रु. (३० प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|
| १. | टिकापुर न.पा.(सडक किनार वृक्षारोपण ) | ४९,२४,३१४।०० | ३४,४७,०२०।०० | १४,७७,२९४।०० | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल